आज मिति २०८१ साल मंसिर ५ गते तदनुसार ( November 20, 2024) बुधबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल वमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | अनुपस्थित |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु वहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री राम्र कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर वलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण वहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

कर्मचारी उपस्थितिः

१. श्री भोग वहादुर राई, लेखा अधिकृत

२. श्री दिलिप कुमार मगर, प्रशासन शाखा

३. श्री विपिन कार्की, सूचना प्रविधि अधिकारी

४. श्री भरत खतिवडा, शिक्षा शाखा

५. श्री ढवलराज राई, जनस्वास्थ्य निरीक्षक

६. श्री सन्तोष थापा, कृषि शाखा

७. श्री दिलकुमार मगर, कार्यालय सहयोगी

८. श्री जीवराज राई, कार्यालय सहयोगी

CamScanner

२०८१ साल मंसिर ५ गते तदनुसार November 20, 2024 बुधबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. Health Assistant रिक्त दरबन्दी पदपुर्ती सम्बन्धमा ।

२. पदस्थापन सम्बन्धमा ।

३. दिवा खाजा क्यान्टिन सञ्चालन प्रोत्साहन अनुदान सम्बन्धमा ।

४. खेलकुद प्रशिक्षकको पारिश्रमिक सम्बन्धमा ।

५. भुक्तानी भएको खर्चको अनुमोदन सम्बन्धमा ।

६. आलु पकेटमा समवेश भएका कृषि फर्म तथा समूहलाई बजेट विनियोजन सम्बन्धमा ।

७. घरेलु तथा साना उद्योग कार्यालयमा तालिम माग सम्बन्धमा ।

८. सामुदायिक औषधी सञ्चालन कार्यक्रमको समिति गठन सम्बन्धमा ।

९. फुटबल प्रतियोगितामा सहभागी खेलाडीलाई आर्थिक सहायता सम्बन्धमा ।

१०. सडक बोर्डबाट प्राप्त बजेट खर्च सम्बन्धमा ।

११. पालिका अध्यक्ष ज्यूको वैदेशिक वर्कसपमा सहभागिताको स्वीकृति सम्बन्धमा ।

१२. आधारभूत अस्पताल सञ्चालन सम्बन्धी दरबन्दी स्वीकृत माग तथा सामग्री खरिद सम्बन्धमा ।

CamScanner

बैठकका निर्णयहरु:

निर्णय नं.१: यस गाउँपालिकाको रिक्त रहेको तपसिल पदहरुमा सेवा करार गरी कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो ।

तपसिल:

| सेवा समूह | उपसमूह | पद | स्तर |
|---|---|---|---|
| नेपाल स्वास्थ्य | हे.ई. | H.A. | सहायक स्तर पाँचौं |
| नेपाल कृषि | कृषि प्रचार | नाप्रास | एक गाउँ एक प्राविधिक |

निर्णय नं.-२: लोक सेवा आयोग खोटाङ कार्यालय, दिक्तेलवाट सिफारिस भइ यस गाउँपालिकामा मिति २०७६/११/३० गते नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानीटरी उप समूह, सहायकस्तर चौथो तह खा.पा.स.टे. पदमा श्री टिका राज न्यौपाने उपाध्याय नियुक्ति भइ करिव २ वर्ष ६ महिना यस मानेभन्ज्याङ गाउँपालिका, ओखलढुङ्गामा कामकाज गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९/५/२० गतेको निर्णयानुसार दुवै स्थानीय तहको दोहोरो सहमतिको आधारमा सरुवा भइ मिति २०७९/५/३० गतेदेखी बारेकोट गाउँपालिका जाजरकोटमा कामकाजमा रहेको तथा कर्णाली प्रदेश सरकारको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८१ को दफा १३६ को पदस्थापना सम्बन्धी विशेष व्यवस्था अनुसार सोही दफाको उपदफा २ वमोजिम पदस्थापनाको लागि पदाधिकार रहेको स्थानीय तह र कामकाज गरिरहेको स्थानीय तहको कार्यपालिकाको सहमतिको निर्णय आवश्यक परेको भनि सहमति माग गरेको हुनाले निंज खा.पा.स.टे. श्री टिका राज न्यौपाने उपाध्यायलाई बारेकोट गाउँपालिका, जाजरकोटमा पदस्थापनाको लागि सहमिति दिने निर्णय गरियो ।

निर्णय नं. ३: यस गाउँपालिकाको दोस्रो गाउँसभाको १५ औं अधिवेशनबाट दिवाखाजा क्यान्टिन सञ्चालन तथा प्रोत्साहन अनुदान शीर्षकमा विनियोजन रु. ५ लाख बजेटबाट यस पालिकाद्वारा सञ्चालन गरिएको क्यान्टिन प्रवर्द्धन कार्यक्रममा सहभागी भइ निरन्तर रुपमा दिवा खाजा खुवाइरहेका विद्यालयहरुलाई विद्यार्थीको हाजिरको आधारमा प्रति विद्यार्थी प्रतिदिन रु. ५/- का दरले उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४: यस गाउँपालिकाको गाउँसभाबाट खेलकुद प्रशिक्षक पारिश्रमिक शीर्षकमा रु. २ लाख विनियोजन भएको हुँदा यस गाउँपालिकाको वडा नं. ५ मा अवस्थित श्री भगवती मा.वि.. मानेभन्ज्याङमा सञ्चालन गरिएको सितोरियो करातेका प्रशिक्षक श्री राजन प्रसाद दाहालसँग सम्झौता गरी विनियोजन भएको वजेटमा करकट्टी गरी वाँकी रकम भुक्तानी हुने तथा प्रशिक्षकले उक्त वजेटमा कम्तिमा ६ महिना प्रशिक्षण गराउनु पर्ने साथै अन्य शर्तहरु सम्झौतामा उल्लेख भए अनुसार हुने गरी खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ५: मिति २०८१/४/२४ गते गाउँपालिकाको नाममा रहेको बा.२ झ ४४६५ नम्वरको सवारी साधन कार्यालय कामको सिलसिलामा काठमाडौं जाने क्रममा सिन्धुली जिल्ला गोलान्जोरु गाउँपालिका वडा नं. ७ स्थित खुर्कोटमा विपरित दिशाबाट आउँदै गरेको प्र. २-०४४ प. ६६४९ को मोटर साइकलसँग ठोक्किन गइ मोटर साइकल चालक सूर्यविनायक नपा ३ भक्तपुर स्थायी निवासी श्री सुमन भुजेल र उक्त मोटर साइकलको पछाडी सवार भएका जिल्ला काभ्रे तेमाल गा.पा. निवासी जितेन्द्र तामाङ घाइते भइ उपचार तथा क्षतिपूर्ती सम्बन्धमा दुवै पक्षबीच मिति २०८१/७/२५ गते प्रहरी चौकी खुर्कोटको रोहवरमा लिखित तथा भद्र सहमति भए वमोजिम निज मोटर साइकल चालक सुमन भुजेललाई क्षतिपूर्ती वापत रु. १ लाख तथा उपचार खर्च वापत रु. ३ लाख २० हजार गरी एकमुष्ट रु. ४ लाख २० हजार गाउँपालिकाले मिति २०८१/७/२७ गते विविध कार्यक्रम वजेट शीर्षकवाट गरेको भुक्तानीलाई आजको कार्यपालिका वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त दुर्घटनामा क्षतिग्रस्त भएको मोटर साइकलको मर्मत वापतको बिल रु.१ लाख ७३ हजार ६४० मात्र सवारी साधन मर्मत वजेट शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: नेपाल सरकारद्वारा हस्तान्तरित सशर्त आलु पकेट कार्यक्रममा समावेश भएका कृषि फर्म तथा कृषक समूहलाई प्रति क्लष्टर वढीमा १ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुङ्गाको मिति २०८१/८/५ को चलानी नम्वर १७४ को पत्रानुसार तालिम माग गर्ने भनी पत्र प्राप्त भएको हुँदा आजको कार्यपालिका वैठकवाट तपसिल अनुसारको तालिमहरु माग गर्ने निर्णय गरियो ।

**तपसिल:**

क. मिनि टिलर तथा थ्रेसर मर्मत तालिम ।

ख. फ्रिज मर्मत तालिम ।

ग. मोवाइल मर्मत तालिम ।

घ. कम्प्युटर मर्मत तालिम ।

ङ. सिलाइ कटाइ तालिम ।

निर्णय नं. ८: मानेभन्ज्याङ गाउँपालिका सामुदायिक औषधी कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०८० को दफा ७ वमोजिम समिति सम्वन्धी व्यवस्था भए वमोजिम निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

**सामुदायिक औषधी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति:**

अध्यक्ष : श्री ज्ञानेन्द्र रुम्दाली

सदस्य : श्री आश्राचन राई

सदस्य : श्री छविलाल राई

सदस्य : श्री राजकुमार रुम्दाली

सदस्य : श्री गोमा वि.क.

सदस्य : श्री विलनसरी राई (महिला स्वास्थ्य स्वयं सेविका)

सदस्य सचिव: श्री ढवलराज राई

CamScanner

निर्णय नं. ९: हलेसी तुवाचुङ नगरपालिकाद्वारा आयोजना भएको मिति २०८१/७/२१ देखी २०८१/७/२६ सम्म सम्पन्न भएको फुटवल प्रतियोगितामा मानेभन्ज्याङ गाउँपालिकाको प्रतिनिधित्व गर्दै प्रथम स्थान हासिल गरेका खेलाडीहरुलाई प्रोत्साहन स्वरुप खाजा खाना खर्चको विल प्रति खेलाडी प्रतिदिन रु.१२ सयको दरले १० जनाको ३ दिनको हुन आउने रु.३६ हजार गाउँपालिकाको खेलकुद सहभागी खर्च वजेट शीर्षकवाट प्रोत्साहन स्वरुप टिम क्याप्टेन सुजन राईलाई आर्थिक सहायता भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: सडक वोर्ड नेपालको मिति २०८१/६/१३ को च.नं. ४३९ को पत्रानुसार स्थानीय सडक मर्मत संभार कार्यको लागि रु. १२ लाख वोर्डबाट वजेट स्वीकृत भइ यस कार्यालयको तर्फवाट वेहोर्नु पर्ने समपूरक रकम सुनिश्चितताको माग तथा २०८१ साल मंसिर मसान्तभित्र वार्षिक कार्यक्रम स्वीकृत गरी वोर्डमा सहमतिको लागि पेश गर्नु पर्ने अनुरोध वमोजिम आजको कार्यपालिका वैठकवाट तपसिल वमोजिमको कार्यक्रम सुनिश्चितता गर्ने निर्णय गरियो ।

तपसिल:

क. हर्कपुर सात सल्ले सडक मर्मत योजना वडा नं. ७ ।

ख. पालिकाको दायित्वको रुपमा रहने आवश्यक समपुरक रकम सुनिश्चित गरिएको ।

निर्णय नं. ११: यस मानेभन्ज्याङ गाउँपालिकाका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूलाई Korea Academic Society of Digital Convergence (KASDC) वाट "Empowering Future Cities : Smart Solutions for Sustainable Development" विषयक कार्यशालामा सहभागीताको लागि सुनिश्चितता माग भए वमोजिम मिति २०८१ साल पुष ५ गतेदेखी पुष १८ गते तदनुसार December 20, 2024 to January 02, 2025 सम्म दक्षिण कोरिया लगायत भियतनाम र थाइल्याण्ड भ्रमणको लागि आजको कार्यपालिका वैठकवाट स्वीकृति दिने तथा उक्त अवधिको दैनिक भ्रमण भत्ता लगायत हवाई टिकट खर्च प्रचलित कानुनले तोके वमोजिम पालिकाको स्रोतवाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १२: आधारभूत अस्पताल सञ्चालनको लागि दरवन्दी सहित स्वीकृतिको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथमा माग गर्ने तथा गाउँपालिकाबाट यस आ.व.मा विनियोजित वजेटवाट अस्पताल सञ्चालनको लागि औजार उपकरण खरिद गर्न टेन्डर आव्हान गर्ने प्रयोजनार्थ आवश्यक सामानको स्पेशीफिकेसनको माग गरी टेन्डर आब्हान गर्ने निर्णय गरियो ।

